# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (९), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, साउन १८ गते २०८२ साल,**

**सङ्ख्या ५**

## भाग-२

## सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन (पहिलो संशोधन), कार्यविधि २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०४।१६

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०८० लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, जार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को परिच्छेद-४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन (पहिलो संशोधन), कार्यविधि २०८२" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाइ सम्झनु पर्दछ ।

३. मूल कार्यविधिको परिच्छेद-२ को दफा ७ को उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छ ।

देहाय:

"(१) नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम लागत साझेदारीमा अनुसूची-१ बमोजिम मेसिनरी तथा औजार उपकरण वितरण कार्यक्रम सञ्चालन गर्दा सर्वसाधारण कृषक तथा लाभग्राहीको हकमा ५०% र विपन्न र अतिविपन्न कृषक लाभग्राहीको हकमा ८०% अनुदानमा सामग्री उपलब्ध गराइने छ ।"

४. मूल कार्यविधिको परिच्छेद-२ को दफा ७ को उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएको छ ।

देहाय:

"(३) नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम लागत साझेदारीमा अनुसूची-१ बमोजिम मेसिनरी तथा औजार उपकरण वितरण कार्यक्रम सञ्चालन गर्दा लाभग्राहीहरुको अन्तिम छनौट नगर कार्यपालिकाले वडा कार्यालयको सिफारिस तथा विपन्न र अति विपन्नको

हकमा पहिचान कार्ड वा वडा कार्यालयको विपन्न वा अति विपन्न भएको प्रमाणीकरण सिफारिसको आधारमा निर्णय गरे बमोजिमको हुनेछ।"

५. मूल कार्यविधिको अनुसूची-५ मा देहाय बमोजिमको क्र.स. १२ थप गरिएको छ।

देहाय:

| क्र.स. | सूचाङ्कका आधार |
|---|---|
| १२ | विपन्न र अति विपन्न लाभग्राही |

# सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ (पाँचौँ संशोधन), २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०४।१६

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को परिच्छेद-१५ को दफा १६२ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागू गरेको छ।

६. संक्षिप्त नाम र प्रारम्भ: (१) यस नियमावलीको नाम "सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद (पाँचौँ संशोधन) नियमावली, २०८२" रहने छ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

७. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-

(ख) "मूल नियमावली" भन्नाले सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ लाइ सम्झनु पर्दछ।

८. मूल नियमावलीको परिच्छेद-९ को नियम १०४ को उपनियम (११) पछि देहाय बमोजिमको उपनियम (१२) थप गरिएको छ।

देहाय:

"(१२) नगरपालिकाले वार्षिक ५ (पाँच) लाख रुपैयाँसम्म घरजग्गा भाडामा रहने वडा कार्यालय, नगरपालिकाको शाखा र जिन्सी व्यवस्थापन गर्न भाडा रकम सम्बन्धमा घरधनीसँग सम्झौता गरि एकै स्थान वा आवश्यकता अनुसार अलग-अलग स्थानमा घरजग्गा, फ्ल्याट तथा कोठा भाडामा लिन सक्नेछ।"

९. मूल नियमावलीको परिच्छेद-९ को नियम १०७ को उपनियम (१८) मा भएको व्यवस्था पछि देहाय बमोजिमको वाक्याशं थप गरिएको छ।

देहाय

"(१८) …….. यदि उपभोक्ता समिति वा टोल विकास संस्था वा लाभग्राही समुदायको अध्यक्ष महिला भएको अवस्थामा जनसहभागिता एवंम् लागत सहभागिता १०% (५% नगद र ५% श्रम) कम नहुने गरि निर्धारण गर्नुपर्नेछ।"

## सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०४।१६

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद-३ को दफा १३ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागू गरेको छ।

१०. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि (दोश्रो संशोधन), २०८२" रहने छ।

(४) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

११. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(ग) "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ लाइ सम्झनु पर्दछ।

१२. मूल कार्यविधिको परिच्छेद-२ को दफा ४ को उपदफा (८) पछि देहाय बमोजिमको वाक्याशं थप गरिएको छ।

देहाय:

"त्यसरी मेशिन फिल्डमा खटाउँदा इन्धन तथा अन्य आवश्यक सामग्री कार्यालयले व्यवस्था गर्नु पर्नेछ।"

आज्ञाले

अमृत बहादुर राई

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत